प्रति शेयर रू.१००/- अंकित दरको
४६,३०,३४४ कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

आइएमई जनरल इन्स्योरेन्स लिमिटेड
केन्द्रीय कार्यालय : नारायणचौर, नक्साल, काठमाण्डौ, पोष्ट बक्स नं. २१७४६
फोन नं.: ४४११५२०, फ्याक्स नं. :४४११७३६
इमेल: info@iginepal.com, वेबसाइट: www.iginepal.com

को

१० कित्ता शेयर बराबर नयाँ ४ कित्ता शेयरको

हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्कासन खुल्ला मिति: २०७८/११/२२ गते

निष्कासन बन्द हुने मिति: २०७८/१२/१३ गते
(बैंकिङ्ग समय पश्चात्)

कम्पनीको विद्यमान रु.१,१५,७५,८६,०००/- बराबर चुक्ता पूँजीमा दश शेयर बराबर नयाँ चार (१० : ४) शेयरको अनुपातमा रु.१००/- अंकित दरका ४६,३०,३४४ कित्ता हकप्रद शेयर मिति २०७८/१०/२८ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७८/१०/०६ गते

१. कम्पनीको नाम : आइएमई जनरल इन्स्योरेन्स लिमिटेड (IME General Insurance Limited)।

२. रजिष्टर्ड कार्यालय : यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, बाग्मती प्रदेश, काठमाण्डौं महानगरपालिका वडा नं. १, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेको छ।

३. कारोवार स्थान :

यस कम्पनीले का.म.न.पा. वडा नं. १, नारायणचौर, नक्साल, काठमाण्डौबाट बीमा सम्बन्धी कारोवार गर्दै आइरहेको छ। आवश्यकता अनुसार बीमा समितिको स्वीकृति लिई नेपालभर उपयुक्त स्थानहरुमा आफ्नो शाखा, उपशाखा वा अन्य कार्यालयहरु खोली कारोवार गर्दै जाने लक्ष्य रहेको छ। यस कम्पनीले मिति २०७८/०८/०३ गतेसम्ममा निम्नानुसारका शाखा कार्यालयहरुबाट बीमा सम्बन्धी कार्यहरु गर्दै आइरहेकोछ।

क्र.सं.	स्वीकृत भई हालसम्म संचालनमा रहेका	प्रदेश नं.	जिल्ला	कार्यालय रहेको स्थान (पालिका, वडा नं र टोल)	क्र.सं.	स्वीकृत भई हालसम्म संचालनमा रहेका	प्रदेश नं.	जिल्ला	कार्यालय रहेको स्थान (पालिका, वडा नं र टोल)
	शाखा कार्यालय					शाखा कार्यालय			
१.	इलाम शाखा	१	इलाम	इलाम न.पा.-७, इलाम	२४.	न्यूरोड शाखा	बागमति	काठमाडौं	काठमाडौं म.न.पा.-२२, खिचापोखरी
२.	विर्तामोड शाखा	१	झापा	विर्तामोड न.पा.-४, विर्तामोड	२५.	किर्तीपुर शाखा	बागमति	काठमाडौं	किर्तीपुर न.पा.-९, किर्तीपुर
३.	दमक शाखा	१	झापा	दमक न.पा.-११, दमक	२६.	टेकु, शाखा	बागमति	काठमाडौं	काठमाडौं म.न.पा.-१२, टेकु
४.	विराटनगर शाखा	१	मोरङ	विराटनगर म.न.पा.-९, विराटनगर	२७.	नुवाकोट शाखा	बागमति	नुवाकोट	बट्टार न.पा.-४, बट्टार
५.	इटहरी शाखा	१	सुनसरी	इटहरी उप.म.न.पा.-१, इटहरी	२८.	नारायणगढ शाखा	बागमति	चितवन	भरतपुर म.न.पा.-५, नारायणगढ
६.	ओखलढुङ्गा शाखा	१	ओखलढुङ्गा	सिद्धिचरण न.पा.-११, ओखलढुङ्गा	२९.	टाँडी शाखा	बागमति	चितवन	रत्ननगर न.पा.-१, टाँडी
७.	सोलुखुम्बु शाखा	१	सोलुखुम्बु	सोलु दुधकुण्ड न.पा.-५, सल्लेरी	३०.	हेटौंडा शाखा	बागमति	मकवानपुर	हेटौंडा उप.म.न.पा.-४, हेटौंडा
८.	जनकपुर शाखा	मधेश	धनुषा	जनकपुरधाम उप.म.न.पा.-३, जनकपुर	३१.	आबुखैरेनी शाखा	गण्डकी	तनहुँ	आबुखैरेनी न.पा.-२, आबुखैरेनी
९.	लाहान शाखा	मधेश	सिराहा	लाहान न.पा.-१, रमेशचोक	३२.	पोखरा शाखा	गण्डकी	कास्की	पोखरा म.न.पा.-८, न्यूरोड
१०.	वर्दिवास शाखा	मधेश	महोत्तरी	वर्दिवास न.पा.-१, वर्दिवास	३३.	स्याङ्जा शाखा	गण्डकी	स्याङ्जा	वालिङ न.पा.-३, वालिङ
११.	विरगंज शाखा	मधेश	पर्सा	विरगंज म.न.पा.-१०, विरगंज	३४.	दमौली शाखा	गण्डकी	तनहुँ	व्यास न.पा.-२, दमौली
१२.	सिमरा शाखा	मधेश	बारा	जीतपुरसिमरा उप.म.न.पा.-२, सिमरा	३५.	कावासोती शाखा	गण्डकी	नवलपरासी	कावासोती न.पा.-४, कावासोती
१३.	मन्थली शाखा	बागमति	रामेछाप	मन्थली न.पा.-१, रामेछाप	३६.	बाग्लुङ शाखा	गण्डकी	बाग्लुङ	बाग्लुङ न.पा.-२, जिपपार्क
१४.	दोलखा शाखा	बागमति	दोलखा	भिमेश्वर न.पा.-१०, चरिकोट	३७.	भैरहवा शाखा	लुम्बिनी	रुपन्देही	सिद्धार्थनगर न.पा.-८, भैरहवा
१५.	धादिङ शाखा	बागमति	धादिङ	गल्छी गा.वि.स.-६, बैरेनी	३८.	दाङ शाखा	लुम्बिनी	दाङ	घोराही उप.म.न.पा.-११, घोराही
१६.	भक्तपुर शाखा	बागमति	भक्तपुर	भक्तपुर न.पा.-१, सल्लाघारी	३९.	तुल्सिपुर शाखा	लुम्बिनी	दाङ	तुल्सिपूर उप.म.न.पा.-६, घोराहीरोड
१७.	बनेपा शाखा	बागमति	काभ्रेपलाञ्चोक	बनेपा न.पा.-७, काभ्रेपलाञ्चोक	४०.	नेपालगञ्ज शाखा	लुम्बिनी	बाँके	नेपालगञ्ज उप.म.न.पा.-२, पुष्पलालचोक
१८.	जावलाखेल शाखा	बागमति	ललितपुर	ललितपुर म.न.पा.-५, जावलाखेल	४१.	बुटवल शाखा	लुम्बिनी	रुपन्देही	बुटवल उप.म.न.पा.-८, बुटवल
१९.	बौद्ध शाखा	बागमति	काठमाडौं	काठमाडौं म.न.पा.-७, चाबहिल	४२.	सुर्खेत शाखा	कर्णाली	सुर्खेत,	विरेन्द्रनगर न.पा.-३, सुर्खेत
२०.	कोटेश्वर शाखा	बागमति	काठमाडौं	काठमाडौं म.न.पा.-३५, कोटेश्वर	४३.	धनगढी शाखा	सुदुरपश्चिम	कैलाली	धनगढी उप.म.न.पा.-११, धनगढी
२१.	केन्द्रीय कार्यालय	बागमति	काठमाडौं	काठमाडौं म.न.पा.-१, नारायणचौर	४४.	महेन्द्रनगर शाखा	सुदुरपश्चिम	कञ्चनपुर	महेन्द्रनगर न.पा.-१८, महेन्द्रनगर
२२.	गोंगबु, शाखा	बागमति	काठमाडौं	काठमाडौं म.न.पा.-२९, गोंगबु	४५.	डडेलधुरा शाखा	सुदुरपश्चिम	डडेलधुरा	अमरगढी न.पा.-५, डडेलधुरा
२३.	कलंकी शाखा	बागमति	काठमाडौं	काठमाडौं म.न.पा.-१३, कलंकी					

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

संक्षिप्त परिचय : यस कम्पनी प्रचलित कम्पनी ऐन, बमोजिम मिति २०५५/१०/१२ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। बीमा ऐन, २०४९ अनुसार मिति २०५७/१०/१० मा निर्जीवन बीमा सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०५७/१०/१९ गतेका दिन देखि विधिवत रुपमा निर्जीवन बीमा सम्बन्धी कारोवार प्रारम्भ गरेको हो।

उद्देश्यहरु : कम्पनीको प्रबन्धपत्रको दफा (३) तथा नियमावलीको नियम (३) मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :
(क) सम्पत्तिको संरक्षण गर्नको लागि विभिन्न किसिमको बीमा (सम्पत्ती बीमा, मोटर बीमा, दुर्घटना बीमा, सामुन्द्रिक बीमा, हवाई बीमा, इन्जिनियरिङ्ग बीमा, चोरी बीमा आदि) सम्बन्धी सबै किसिमको निर्जीवन बीमा तथा स्वास्थ यात्रा बीमा गर्ने गराउने।
(ख) सम्पत्तिको संरक्षण लागि तथा बीमीत व्यक्तिहरुको हित र सुविधाको लागि विभिन्न बीमा कम्पनीहरुको पुनर्बीमा स्वीकार गर्ने तथा पुनर्बीमा गराउने।
(ग) स्वीकृति लिनु पर्नेमा स्वीकृति लिई स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसँग मिली वा छुट्टाछुट्टै किसिमको बीमा व्यवसाय गर्ने गराउने।
(घ) स्वदेश तथा विदेशमा बीमा, पुनर्बीमा (ब्रोकर) दावी निर्धारणकर्ता, फछ्र्यौट कर्ता नियुक्त गर्ने गराउने।
(ङ) बीमा, पुनर्बीमा, व्यवसायको लागि स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुको प्रतिनिधि (अभिकर्ता), ब्रोकर (दलाल) भई काम गर्ने गराउने।
(च) प्रचलित कानुन बमोजिम स्वीकृति लिनु पर्नेमा स्वीकृति लिई स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसंग सम्झौता गरी संयुक्त लगानीमा बीमा व्यवसाय गर्ने, गराउने।
(छ) स्वदेश तथा विदेशमा बीमा, पुनर्बीमा, दावी निर्धारण कर्ता, फछ्र्यौट कर्ता वा ब्रोकर नियुक्त गर्ने गराउने।
(ज) बीमा व्यवसायबाट प्राप्त भएको रकम बीमा ऐनमा रही विभिन्न क्षेत्रमा लगानी गरी बीमा व्यवसायलाई प्रवर्द्धन गर्ने।

५. शेयर पूँजीको संरचना :

(क) **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००/- (अक्षरेपी दुई अर्ब मात्र) रहेको छ। जसलाई प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले जम्मा २,००,००,००० (दुई करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
(ख) **जारी पूँजी :** यस कम्पनीको जारी पूँजी रु.१,६२,०६,२०,४००/- (अक्षरेपी एक अर्ब बैसठ्ठी करोड छ लाख बीस हजार चार सय मात्र) रहेको छ। जसलाई प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले जम्मा १,६२,०६,२०४ (एक करोड बैसठ्ठी लाख छ हजार दुई सय चार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
(ग) **चुक्ता पूँजी :** यस कम्पनीको चुक्ता पूँजी रु.१,१५,७५,८६,०००/- (अक्षरेपी एक अर्ब पन्ध्र करोड पचहत्तर लाख छयासी हजार मात्र) रहेको छ। जसलाई प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले जम्मा १,१५,७५,८६० (एक करोड पन्ध्र लाख पचहत्तर हजार आठ सय साठी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। यस विवरण मार्फत ४६,३०,३४४ कित्ता हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,६२,०६,२०,४००/- (अक्षरेपी एक अर्ब बैसठ्ठी करोड छ लाख बीस हजार चार सय मात्र) हुनेछ।

६. हकप्रद निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना :

शेयरको हकप्रद निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना:

शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
संस्थापक शेयरधनीहरु	८२,६५,१६३	८२,६५,१६,३००.००	५१%	शतप्रतिशत
सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	७९,४१,०४१	७९,४१,०४,१००.००	४९%	शतप्रतिशत
जम्मा	१,६२,०६,२०४	१,६२,०६,२०,४००.००	१००%	

७. सञ्चालकहरु तथा कार्यकारी प्रमुखको परिचय :

कम्पनीको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनु भएकोछः

क्र.सं.	नाम	पद	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१.	श्री हेमराज ढकाल (संस्थापक समूह क)	अध्यक्ष	अमलाचौर-४, बाग्लुङ	स्नातकोत्तर-TU EMP-MIT USA OPM-Harward	- सह संस्थापक तथा प्रबन्ध निर्देशक, सन् २००१ देखि IME Group of Companies मा हालसम्म। - अध्यक्ष, आइएमई जनरल इन्स्योरन्स कम्पनी लिमिटेडमा सन् २०१६ देखि हालसम्म। - अध्यक्ष, हाथवे इन्भेष्टमेष्ट नेपाल लिमिटेडमा सन् २००९ देखि हालसम्म। - सह संस्थापक तथा अध्यक्ष - डिस मिडिया नेटवक लि.मा सन् २०१८ देखि हालसम्म। - अध्यक्ष, Nepal Malaysia Chamber of Commerce and Industry। - सदस्य, National Council, Confederatin of Nepalese Industries (CNI) मा सन् २०१७ देखि सन् २०२१ सम्म। - उपाध्यक्ष, National Council, Confederatin of Nepalese Industries (CNI) मा सन् २०१७ देखि सन् २०२१ सम्म।
२.	श्री अम्बिका प्रसाद पौडेल (प्रतिनिधि-पञ्चपल्लभ इन्भेष्टमेण्ट कन्सल्टेन्सी प्राइभेट लिमिटेड (संस्थापक समूह क)	सञ्चालक	धापासी, काठमाडौं	स्नातकोत्तर MPA/MBA	- सञ्चालक - हाथवे इन्भेष्टमेण्ट नेपाल लि.मा २०६७ बैशाख २७ देखि हालसम्म। - सञ्चालक - हिमालयन पावर पार्टनर्स लिमिटेडमा मिति २०७५ भाद्र १० देखि हालसम्म। - सञ्चालक (NTC)
३.	श्री राजेन्द्र सिंह भण्डारी (सर्वसाधारण समूह ख)	सञ्चालक	बैतडी, पाटन, गा.वि.स बडा नं ९	स्नातकोत्तर (MPA)	- पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक। - संयुक्त राष्ट्रसंघको शान्ति स्थापनार्थ मोजाम्बिक, सुडानमा कार्यानुभव। - विभिन्न सभा सम्मेलनको लागि आवश्यक प्रशिक्षण सामाग्रीहरु प्रकाशित। - राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको विभिन्न महत्वपूर्ण विषयहरुमा लेख, रचना, किताब लेखन तथा प्रकाशन।
४.	श्री सिताराम थापा (प्रतिनिधि-एक्रस मनी ट्रान्सफर प्राइभेट लि., (सर्वसाधारण समूह ख)	सञ्चालक	दिक्तेल, खोटाङ्ग	चार्टर्ड एकाउण्टेण्ट/ स्नातकोत्तर MBS	- सञ्चालक/एक्रस मनी ट्रान्सफर प्राइभेट लिमिटेड। - CSC & CO, चार्टर्ड एकाउण्टेण्ट। - LDSA, चार्टर्ड एकाउन्टेन्ट
५.	श्री कृष्ण प्रसाद शर्मा (स्वतन्त्र/विशेषज्ञ)	स्वतन्त्र/ विशेषज्ञ	भण्डारी गाउँ, काठमाडौं।	स्नातकोत्तर (MPA)	- नेपाल राष्ट्र बैंकमा ३० वर्षसम्म कार्यरत रही उप निर्देशकबाट अवकाश प्राप्त। - भुक्तानी तथा फर्छ्यौट प्रणाली सम्बन्धमा विशेष अनुभव।

नोटः १. सञ्चालक समितिका पदाधिकारीहरुले नेपाल धितोपत्र बोर्डबाट जारी भएको सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा उल्लेखित सञ्चालकसँग सम्बन्धित व्यवस्था तथा सुशासन पालना गरेका छन्।
२. हाल सञ्चालक (संस्थापक समूह) पद दुई (२) रिक्त रहेको। आगामी साधारण सभाबाट उक्त रिक्त सञ्चालक पदमा नियुक्त गरिनेछ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः

नाम	पद	ठेगाना	योग्यता	अनुभव
श्री युगेश भक्त वादे श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत	सानो भऱ्याङ्-२, नागार्जुन न.पा, काठमाडौं	स्नातक (B.Com) स्नातकोत्तर (RD)	- प्रभु इन्स्योरेन्स कम्पनी लि.मा ६ वर्षसम्म प्रमुख कार्यकारी अधिकृत तहको अनुभव सहित निर्जीवन बीमा क्षेत्रमा २५ वर्ष भन्दा बढीको कार्यानुभव। - होटल त्रिदेवी, ठमेलमा सञ्चालन प्रबन्धकको रुपमा सन् १९९४ देखि सन् १९९६ सम्म कार्यानुभव। - होटल ब्लुस्टारमा बिजनेश सर्भिस एसिष्टेण्टको रुपमा सन् १९८९ देखि सन् १९९२ सम्म कार्यानुभव।

८. सञ्चालक समितिको बनौट :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम गठन गरिएको छ।

समूह "क" वर्गका शेयरधनीहरुबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित सञ्चालकहरु	४ (चार) जना
समूह "ख" वर्गका शेयरधनीहरुबाट निर्वाचित सञ्चालकहरु	२ (दुई) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना
जम्मा	**७ (सात) जना**

नोटः हाल सञ्चालक (संस्थापक समूह) पद दुई (२) रिक्त रहेको। आगामी साधारण सभाबाट उक्त रिक्त सञ्चालक पदमा नियुक्त गरिनेछ।

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ। सञ्चालक हुनका लागि कम्पनीको न्यूनतम १०० कित्ता शेयर लिएको हुनुपर्ने तथा स्वतन्त्र सञ्चालकको हकमा यो नियम लागु नहुने।

९ निष्कासन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :

कम्पनीको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या १,१५,७५,८६० (एक करोड पन्ध्र लाख पचहत्तर हजार आठ सय साठी मात्र) कित्ताको १०:४ (अर्थात विद्यमान दश शेयर बराबर नयाँ चार कित्ता शेयर) को अनुपातमा प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले जम्मा ४६,३०,३४४ (छ्यालीस लाख तीस हजार तीसय चवालीस मात्र) कित्ता हकप्रद शेयर निष्कासन गरिनेछ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः

कुनै शेयरधनीले आफुले हकप्रद शेयर खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि पनि दरखास्त दिन पाइने छ। यसरी कम शेयरका लागि दरखास्त दिएमा सोहि बमोजिम नै गणना कायम गरिनेछ। दरखास्त साथ प्रति शेयर रु.१००/- का दरले आवेदन गर्ने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएको खण्डमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा १५ मा भएको व्यवस्था वमोजिम लिलाम बढाबढ प्रक्रिया अवलम्बन गरी बिक्री गरिने छ।

१२. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :

हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न पाइने छैन। हकप्रद शेयर खरिद गर्दा हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न नपाउने तर आफ्नो कायम हक अनुसार खरिद गर्न पाउने हकप्रद शेयर खण्डिकृत हुन आएमा खण्डिकृत अंकलाई १ अंक गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper Hold) मा परिणत गरी आवेदन दिन पाइने छ तर दशमलवमा आउने गरी शेयर आवेदन दिन पाइने छैन। यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्कासनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ। यदि यस हकप्रद शेयरको लागि निष्कासन गरिएको सम्पूर्ण शेयरको लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति लिई कम्पनीको सञ्चालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ। त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा थप धितोपत्रहरु नेपाल धितोपत्र बोर्डमा दर्ता गरी सो को अनुमोदन आगामी साधारण सभाबाट गराइनेछ।

१३. कम्पनीको विगत तीन वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण :

कम्पनीको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक, र आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

वासलात

(रु. हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत	अपरिष्कृत दोस्रो त्रैमासिक	प्रक्षेपित		
	आ.ब.०७४/७५	आ.ब.०७५/७६	आ.ब.०७६/७७	आ.ब.०७७/७८	२०७८/७९	आ.ब.०७८/७९	आ.ब.०७९/८०	आ.ब.०८०/८१
श्रोत								
१. चुक्ता पूँजी	५,४०,०००	१०,२०,६००	१०,८१,८३६	११,५७,५८६	११,५७,५८६	१७,१३,२२७	१८,६७,४१८	२०,५४,१६०
२. जगेडा तथा कोष	१,१६,८७९	१,५८,०८९	१,८९,९७१	२,२२,५९०	२,७६,२९९	३,०५,०११	३,३०,६०२	३,६५,७८१
३. बीमा कोष	१,७८,७८८	२,५१,०६९	३,५८,९६३	४,७६,२८३	५,३०,५४३	६,४६,४४२	८,५७,११९	११,१६,९१२
४. महा-विपत्ती जगेडा	२१९	७,६५५	१८,४४५	२२,५२१	२७,९४७	३९,५३७	६०,६०५	८६,५८४
५. तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी	-	-	-	-	-	-	-	-
कूल श्रोत (१+२+३+४+५)	८,३५,८८७	१४,३७,४१३	१६,४९,२१५	१८,७८,९८०	१९,९२,३७५	२७,०४,२१८	३१,१५,७४४	३६,२३,४३८
उपयोग								
६. स्थिर सम्पत्ति (खुद)	२९,८३०	३९,९३१	४१,२३१	४,६०,२४२	४,६२,९२९	८,९०,१५९	८,९६,३८८	९,०६,८३४
७. दीर्घकालिन लगानी	१,८९,९९८	२,९४,०७५	३,४५,९३७	४,२९,०८७	४,५८,२३२	४,९८,८५१	५,४८,८५१	५,९८,८५१
८. दीर्घकालिन कर्जा	-	-	-	-	-	-	-	-
चालु तथा अन्य सम्पत्ति								
९. नगद तथा बैंक मौज्दात	१,५५,२०९	२,३९,७२२	३,८४,६८३	१,७७,४४९	१,६८,००३	१,५९,१४२	१,६२,४८४	२,२२,७२३
१०. अल्पकालिन लगानी	७,५४,७००	१२,१९,२००	१३,३४,२००	१०,३४,२००	११,२४,२००	१४,६९,७००	१६,६९,७००	१९,६९,७००
११. अन्य अल्पकालिन कर्जा	-	-	-	-				
१२. अन्य सम्पत्ति	२,९६,१४४	५,९१,३७२	४,८९,८११	८,१८,२६३	८,६०,४५५	८,०९,५७६	९,४०,६९०	११,४६,०४७
जम्मा (क) (९+१०+११+१२)	१२,०६,०५३	२०,५०,२९४	२२,०८,६९४	२०,२९,९१२	२१,५२,६५७	२४,३८,४१८	२७,७२,८७४	३३,३८,४६९
चालु दायित्व तथा व्यवस्थाहरु								
१३. चालु दायित्व	१,३०,४०१	४,५९,९१६	३,८६,०९५	३,७४,४२०	३,०१,६२५	३,७८,६६७	२,१२,१८५	२,१९,१९०
१४. असमाप्त जोखिम बापत व्यवस्था	२,१३,५०२	२,३९,९३६	२,५०,४०३	३,००,७०६	४,२६,७४२	४,३७,१५७	५,३०,९३८	६,४६,६३५
१५. भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	६२,५७३	७५,४११	७६,१८१	१,२०,०१८	६५,३६५	१,३२,९८६	१,६०,२३२	१,९३,६१३
१६. अन्य व्यवस्था	१,८३,५१७	१,७१,६२४	२,३३,९७०	२,४५,११८	२,८७,७११	१,७४,४००	१,९९,०१४	१,६१,२७८
जम्मा (ख) (१३+१४+१५+१६)	५,८९,९९३	९,४६,८८७	९,४६,६४८	१०,४०,२६१	१०,८१,४४३	११,२३,२१०	११,०२,३७०	१२,२०,७१७
१७. खूद चालु सम्पत्ति (ग=क-ख)	६,१६,०६०	११,०३,४०७	१२,६२,०४६	९,८९,६५१	१०,७१,२१४	१३,१५,२०८	१६,७०,५०४	२१,१७,७५२
१८. अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	-	-	-	-	-	-	-	-
१९. नाफा-नोक्सान हिसाबबाट सारेको नोक्सान	-	-	-	-	-	-	-	-
कूल उपयोग (६+७+८+१७+१८+१९)	८,३५,८८७	१४,३७,४१३	१६,४९,२१५	१८,७८,९८०	१९,९२,३७५	२७,०४,२१८	३१,१५,७४४	३६,२३,४३८

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत	अपरिष्कृत दोस्रो त्रैमासिक	प्रक्षेपित		
	आ.ब.०७४/७५	आ.ब.०७५/७६	आ.ब.०७६/७७	आ.ब.०७७/७८	२०७८/७९	आ.ब.०७८/७९	आ.ब.०७९/८०	आ.ब.०८०/८१
आम्दानी								
आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	२,६४,६१७	१,७८,७९७	२,७३,५९९	२७०,६४६	१,४४,२८७	४,६८,३४४	५,७३,४४६	७,१७,४१८
लगानी, कर्जा तथा अन्यबाट आय	२६,४७९	६३,५१५	९२,८५५	१,२०,५१५	५३,१०३	९७,४८५	१,२३,६८२	१,३८,२६१
व्यवस्था फिर्ता	५,६१९	७,५९०	२,३४८	३०१	-	१९३	-	-
अन्य आम्दानी	-	-	-	-	-	-	-	-
जम्मा आम्दानी (क)	२,९६,७१६	२,४९,९०१	३,६८,८०१	३,९१,४६२	१,९७,३९०	५,६६,०२३	६,९७,१२९	८,५५,६७९
खर्च								
व्यवस्थापन खर्च	१४,१४४	२०,८७९	२१,७८८	२०,१६९	१२,०७९	२९,२३७	३२,८००	३६,७६६
अपलेखन खर्च	-	-	-	-	-	-	-	-
शेयर सम्बन्धी खर्च	२,५७३	१,४२१	५२६	९६०	६५१	२,०००	२,२००	२,४२०
अन्य खर्चहरु	८,६००	१,०२४	४५	१,६१२	-	-	-	-
नोक्सानीको लागि व्यवस्था	२,७२६	२,३४८	८,५९६	-	-	-	-	-
कर्मचारी आवास व्यवस्था	-	-	-	-	-	-	-	-
कर्मचारी बोनस व्यवस्था	२३,५५१	१७,३३८	२९,७०८	३३,५२०	१८,४६६	४८,६१७	६०,१९३	७४,२२७
समायोजित आयकर	७४,६४२	६२,३३१	९२,३५०	१,००,५६०	४४,८२५	१,४५,८५१	१,८०,५८०	२,२२,६८०
अ) आयकर	७४,५३७	६२,३०८	९५,९६१	१,००,५६०	४४,८२५	१,४५,८५१	१,८०,५८०	२,२२,६८०
आ) स्थगन कर सम्पत्ति/दायित्व	(१०५)	(२३)	३,६११		-	-	-	-
जम्मा खर्च (ख)	१,२६,२३६	१,०५,३४१	१,५३,०१३	१,५६,८२२	७६,०२१	२,२५,७०५	२,७५,७७४	३,३६,०९३
खूद नाफा/(नोक्सान) (ग=क-ख)	१,७०,४७९	१,४४,५६०	२,१५,७८९	२,३४,६४०	१,२१,३६८	३,४०,३१८	४,२१,३५४	५,१९,५८७
बीमा कोषमा सारेको	८५,२४०	७२,२८०	१,०७,८९४	१,१७,३२०	६०,६८४	१,७०,१५९	२,१०,६७७	२,५९,७९३
अघिल्लो वर्षसँग सम्बन्धित खर्च	-	-	-	-	-	-	-	-
अघिल्लो वर्षबाट सारिएको नाफा / (नोक्सान)	(८३,०४५)	२७,५३४	८९,१७८	१,०२,९३५	२,१२,५६६	१,१८,६९८	१,३९,५३५	१,३२,५७४
बाँडफाँटको लागि उपलब्ध रकम	२,१९५	९९,८१४	१,९७,०७३	२,२०,२५५	२,७३,२५०	२,८८,८५७	३,५०,२१२	३,९२,३६८
शेयर प्रिमियमबाट सारेको रकम	४८,६००	६१,२३६	-	-	-	३०,०००	-	-
क) स्थगन कर जगेडा	(१०५)	(२३)	३,६११	-	-	-	-	-
ख) पूँजीगत जगेडा	-	-	-	-	-	-	-	-
ग) विशेष जगेडा	-	-	-	-	-	-	-	-
घ) अन्य जगेडा	-	-	-	-	-	-	-	-
ङ) प्रस्तावित लाभांश	-	-	-	-	-	-	-	-
अ. प्रस्तावित बोनश शेयर	४८,६००	६१,२३६	७५,७५०	९२,६०७	-	१,५४,१९०	१,८६,७४२	२,२५,९५८
आ. नगद लाभांश कर प्रयोजनार्थ	-	३,२२३	३,९८७	४,८७४	-	८,११५	९,८२९	११,८९३
च) महाविपत्ती जगेडा	२१९	७,४३६	१०,७८९	४,०७७	६,०६८	१७,०१६	२१,०६८	२५,९७९
वासलातमा सारेको नाफा/(नोक्सान)	२,०८०	८९,१७८	१,०२,९३५	१,१८,६९८	२,६७,१८२	१,३९,५३५	१,३२,५७४	१,२८,५३८

नोटः एनएफआरएस अनुसार वर्गीकरण गरी लेखापरीक्षण गरिएको वित्तीय विवरणलाई सर्वसाधारणले बुझ्न सजिलो हुने गरी शीर्षकहरु राखी पुनर्वर्गीकरण गरिएको छ। आ.व. २०७७/०७८ को अपरिस्कृत वित्तीय विवरण तयार गरिएको छ।

आ.व.२०७७/०७८ को अपरिस्कृत वित्तीय विवरण प्रकाशित गर्दा सो आ.व.को लागि लाभांश नदेखाइएको तर हकप्रद शेयर निश्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा प्रक्षेपित लाभांश राखेर देखाइएको हुनाले प्रकाशित वित्तीय विवरण र यस विवरणमा पेश गरिएको आ.व.२०७७/७८ को अपरिष्कृत वित्तीय विवरणमा सो लाभाशको कारणले फरक पर्न गएको।

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ। *(रु. हजारमा)*

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.ब.०७४/७५	आ.ब.०७५/७६	आ.ब.०७६/७७	आ.ब.०७७/७८	आ.ब.०७८/७९	आ.ब.०७९/८०	आ.ब.०८०/८१
शेयर पूँजी	५,४०,०००	१०,२०,६००	१०,८१,८३६	११,५७,५८६	१७,१३,२२७	१८,६७,४१८	२०,५४,१६०
जगेडा तथा कोषहरु	१,१६,८७९	१,५८,०८९	१,८९,९७१	२,२२,५९०	३,०५,०११	३,३०,६०२	३,६५,७८१
बीमा कोष	१,७८,७८८	२,५१,०६९	३,५८,९६३	४,७६,२८३	६,४६,४४२	८,५७,११९	११,१६,९१२
महा-विपत्ती जगेडा	२१९	७,६५५	१८,४४५	२२,५२१	३९,५३७	६०,६०५	८६,५८४
जम्मा	८,३५,८८७	१४,३७,४१३	१६,४९,२१५	१८,७८,९८०	२७,०४,२१८	३१,१५,७४४	३६,२३,४३८
स्थागन कर रअपलेखन हुन बाँकी खर्च	-	-	-	-	-	-	-
नाफा नोक्सान हिसाबबाट सारिएको (नोक्सान)	-	-	-	-	-	-	-
कूल नेटवर्थ	८,३५,८८७	१४,३७,४१३	१६,४९,२१५	१८,७८,९८०	२७,०४,२१८	३१,१५,७४४	३६,२३,४३८
शेयर संख्या (१,००० मा)	५,४००	१०,२०६	१०,८१८	११,५७६	१७,१३२	१८,६७४	२०,५४२
प्रति शेयर नेटवर्थ (रु.)	१५४.७९	१४०.८४	१५२.४५	१६२.३२	१५७.८४	१६६.८५	१७६.४०
प्रति शेयर आम्दानी (रु.)	३१.५७	१४.१६	१९.९५	२०.२७	१९.८६	२२.५६	२५.२९
नेटवर्थमा प्रतिफल (%)	२०.३९	१०.०५	१३.०९	१२.४९	१२.५९	१३.५२	१४.३४
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००
निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल = १४.२४%							

द्रष्टव्यः यस वित्तिय प्रक्षेपण कम्पनी स्वयंले तयार गरेको हो र विश्लेषण सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस श्री प्रियतम श्रेष्ठज्यूले गर्नु भएको हो र यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको सो कम्पनीको उद्घोषण गरेको छ।

१४. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

(क) नयाँ निर्जीवन बीमा कम्पनीहरुको प्रवेश सँगै प्रतिस्पर्धाबाट उत्पन्न हुन सक्ने जोखिमहरु।
(ख) अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर बीमा लगानीको क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुने जोखिमहरु।
(ग) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
(घ) नेपाल सरकारले वर्तमान बीमा सेवा नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरे सो बाट कम्पनीको आयमा असर पर्न जोखिम।
(ङ) नियमनकारी निकायबाट बीमालाई प्रभाव पार्ने कुनै निर्देशन प्राप्त भएमा सोको कारणले पर्न सक्ने जोखिम।
(च) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
(छ) कम्पनीको लगानी खराब भई हुन सक्ने जोखिमहरु।
(ज) भुकम्प लगायत प्राकृतिक प्रकोपबाट हुनसक्ने जोखिमहरु।
(झ) कोभिड-१९ लगायत महामारिका कारण हुनसक्ने जोखिमहरु।

उपरोक्त सम्भावित जोखिमहरुलाई समयमा न्यूनीकरण गर्न व्यवस्थापनले अवलम्बन गर्ने उपायहरु:
(क) आफूलाई समय सापेक्षित रुपमा हरेक क्षेत्रबाट स्वस्थ र प्रतिस्प्रर्धी बनाउने।
(ख) बीमाको अन्तराष्ट्रिय क्षेत्रमा भइरहेका गतिविधिहरुलाई सुक्ष्म रुपमा अध्ययन गरी पुनर्बीमकहरु बारेमा पनि समयमा सूचना लिने रसोही बमोजिम कार्यान्वयन गर्ने।
(ग) देश भित्रको आर्थिक अवस्थालाई अग्रिम रुपमा आंकलन गरी सोहि अनुरुपको व्यवस्था गर्ने, गराउने।
(घ) बीमा सम्बन्धमा नेपाल सरकार तथा बीमा समितिले तय गर्ने नीतिहरुको समयमै जानकारी लिई सोहि अनुरुप कम्पनीलाई समयमा नै प्रभावमुक्त वा कम प्रभाव पर्ने गरी योजना तर्जुमा गर्ने नीति लिने।
(ङ) कम्पनीको दैनिक, पाच्छिक, मासिक तथा त्रैमासिक गतिविधिहरुबाट शेयर बजारमा पर्ने असरहरुको समयमा नै संचालक समिति तथा विभिन्न उपसमितिमा छलफल गरी उचित निर्णय लिने।
(च) कम्पनीबाट पूँजी बजारमा गरिने लगानीलाई सुक्ष्म अध्ययन गरी जोखिम मुक्त तथा कम जोखिम क्षेत्रमा लगानी गर्ने र सो को लागि लेखा शाखाभित्र रहने गरि छुट्टै इकाईबाट कार्य गर्दै आएको छ।
(छ) कम्पनीबाट गरिने हरेक लगानीलाई सुक्ष्म अध्ययन गरी अधिकतम प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्ने जसले गर्दा लगानीबाट जोखिम न्यूनिकरण गर्दै उच्चतम प्रतिफल प्राप्त गर्न सकिन्छ।
(ज) प्राकृतिक तथा दैविक घटनाहरु जुन काबुभित्र नहुने हुनाले बीमा व्यवसाय गर्दा तथा लगानी गर्दा सतर्क भएर प्रर्याप्त अध्ययन तथा निरिक्षण गरी सो को आधारमा व्यवसाय तथा लगानी गर्ने हुन्छ।
(झ) कोभिड-१९ को विश्वव्यापी महामारीबाट नेपाल पनि अछुतो रहन नसकेको र सो को प्रत्यक्ष प्रभाव बीमा क्षेत्रमा परेको छ। जसबाट यस कम्पनी पनि अछुतो रहन सकेन। यसरी कोभिड-१९ लगायतका महामारीको जोखिम न्यूनिकरणका लागि कम्पनीले बीमा व्यवसाय तथा दैनिक काम कारवाही गर्दा प्रयाप्त अध्ययन गरेर तथा सम्बन्धित निकायबाट तोकिएको मापदण्ड अवलम्बन गरी व्यवसाय सञ्चालन गरेकोले जोखिम न्यूनिकरणको लागि सघाउ पुग्ने देखिन्छ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : निष्कासन गरिएको प्रति शेयर अंकित मूल्य रु.१००/- दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ।
कम्पनीले व्यापक रुपमा विश्वव्यापी आर्थिक मन्दी, क्रयशक्तिमा ह्रास, निर्जीवन बीमा सम्बन्धी सर्वसाधारणमा जनचेतनाको कमी, विद्यमान राजनैतिक स्थिति, बीमा बजारको प्रतिस्पर्धात्मक स्थिति, कुल ग्राहस्थ उत्पादनमा निरन्तर रुपमा कमी आउनु, लगानीको सुरक्षाको ग्यारेन्टी नभएकोले विकासको कार्यमा मन्दी आउनु जस्ता कारणहरुले गर्दा बीमामा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले असर पर्न सक्ने हुनाले ती सम्भावनालाई दृष्टिगत गरी बीमा जोखिमहरु न्यूनीकरणका लागि मध्यकालीन तथा दीर्घकालीन प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्तिकरण गर्दै लाग्ने नीति रहेको छ। साथै बीमा समिति तथा अन्य नियमनकारी निकायहरुबाट बेला बेलामा परिवर्तन हुने नीतिबाट कम्पनीको कारोवारमा प्रत्यक्ष प्रभाव पर्ने भएकोले यी परिवर्तनहरुलाई समेत आत्मसात गरी आफ्ना ग्राहक महानुभावहरुसँग, बैंक तथा वित्तीय संस्थाहरु लगायत नेपाल सरकारका स्थानिय निकाय, देश भित्र रहेका प्रत्येक बीमा कम्पनीहरु साथै पुनर्बीमा व्यवसायिक सम्बन्ध स्थापित गर्दै कम्पनीले आफ्नो कारोवारलाई अगाडि बढाउने नीति लिएको छ।

१५. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार हकप्रद शेयरको निष्कासन बन्द भएको मितिले बढीमा पन्ध्र (१५) दिनभित्र बाँडफाँट पश्चात् राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ।

१६. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयर धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोडबाट धितोपत्र निष्कासनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा निवेदन दिइनेछ।

१७. पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम शेयर मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७५/०७६	८९०	३५०	३६५	३०१
२०७६/०७७	५५०	२५३	४३९	७५६
२०७७/०७८	१,२०९	४०६	१,४६५	९,८१४

महिना	अधिकतम शेयर मूल्य (रु)	न्यूनतम शेयर मूल्य (रु)	अन्तिम शेयर मूल्य (रु)	शेयर कारोबार संख्या (हजारमा)
मंसिर	१,०००	८६५	९३८.३०	४,६५,९८८
पौष	१,१५६	८९२	१,१४१.२०	८,२३,५२७
माघ	१,२६६.१०	१,०९५	१,१०७	१७,५५,४७७

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने।

१८. हकप्रद शेयर खरीद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

(क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्काशन प्रयोजनको लागि हकप्रद निष्काशन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता किताब बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर वा D-MAT खाता नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली यस कम्पनीले तोकेको ढाँचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।
(ख) एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिनु पर्नेछ।
(ग) दरखास्त फाराममा उल्लेख भएका सम्पूर्ण विवरणहरु अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
(घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्र वा निष्कासन बैंकको खातामा जम्मा गरी सोको सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ।
(ङ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।
(च) यस हकप्रद शेयर निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश गर्ने तथा दरखास्तसाथ शेयर वापत रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावि गर्न पाउने छैनन्।
(छ) यस हकप्रद शेयर निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको सञ्चालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।
(ज) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ।
(झ) निक्षेप सदस्यहरु मार्फत हितग्राहि खाता खोल्नु भएका लगानीकर्ता महानुभावहरुको हकमा हकप्रद शेयरको दरखास्त फारम बुझाउँदा दरखास्त फारममा स्पष्ट रुपमा आफूले निक्षेप खाता खोलेको निक्षेप सदस्यको सदस्यता नम्बर र हितग्राही खाता नम्बर उल्लेख गर्नु पर्नेछ। कम्पनीको चुक्ता पूँजी नेपाल स्टक एक्सचेन्ज तथा सिडिएससिमा सूचिकृत भए पश्चात् मात्र बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खाता जम्मा गरिने छ।
(ञ) यस विवरण मार्फत निष्कासन गरिने हकप्रद साधारण शेयरको आवेदन दिंदा हितग्राही खाता (DEMAT) हुनेहरुको हकमा सोझै हितग्राही खातामा जम्मा हुने गरी वितरण गरिने हुँदा आफ्नो हितग्राही खाता (DEMAT Account) आवेदन फारममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ साथै हितग्राही खाता नहुनेहरुले आवेदन दिंदा आफ्नो होल्डर नम्बर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (DEMAT) रुपमा कायम रहेको शेयर अनुसार हकप्रद शेयरको लागि आवेदन दिंदा त्यस्ता शेयरधनीहरुको शेयर भौतिक तथा अभौतिक (DEMAT) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन फारम भरी दरखास्त दिनुपर्नेछ।
(ट) रु.५ लाखभन्दा बढी रकमको हकप्रद शेयरको लागि आवेदन दिने शेयरधनीहरुले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN No.) दरखास्त आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरि मनोनयन गर्दा संस्थापक शेयरधनीहरुको हकमा यस कम्पनीको केन्द्रीय कार्यालय नारायणचौर, नक्साल, काठमाण्डौं तथा सर्वसाधारण शेयरधनीहरुले निष्कासन तथा बिक्री प्रवन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौमा सम्पर्क राखी आफुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्नेछ। सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ।
(क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्नेछ।
(ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरी मनोनयन गर्नु पर्नेछ।
(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ।
(घ) हक हस्तान्तरण गरी शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरी मनोनित भएको हुनु पर्नेछ।
(ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा प्रचलीत कानूनको अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन्। हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा कुनै परिवर्तन हुनेछैन। प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ।
(च) प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ।
(छ) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा कानून वमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
(ज) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरी मनोनयन भएको हुनु पर्नेछ।
(झ) शेयरधनीले आफूले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्नेछ। साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ।
(ञ) सञ्चालक तथा आधारभूत शेयरधनीले आफूले हक हस्तान्तरण गर्ने भएमा दरखास्त खुल्ला हुनुभन्दा ३ (तीन) दिन अगाडि हक हस्तान्तरण गरी निष्कासन बैंकमा रकम जम्मा गर्नु पर्नेछ र अन्यको हकमा हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरी मनोनयन भएको हुनु पर्नेछ।
(ट) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तिय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

२०. धितोपत्र खरिदका लागि आवेदन फारम पाइने, रकम जम्मा गर्ने र आवेदन फारम बुझाउने स्थानहरु साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्ने वा हेर्न सकिने ठाँउ :

सि.नं.	दरखास्त फारमहरु पाइने तथा बुझाउने स्थानहरु
१.	ग्लोबल आइएमई क्यापीटल लिमिटेड, वडा नं. १, लक्ष्मण बाबु भवन, पहिलो तल्ला, नक्साल, काठमाण्डौं।*
२.	आइएमई जनरल इन्स्योरेन्स लिमिटेडः **काठमाण्डौ उपत्यका भित्र** : (१) कम्पनीको केन्द्रिय कार्यालय नारायणचौर, नक्साल (२) गोंगबु (३) कलंकी (४) जावलाखेल (५) न्यूरोड (६) सल्लाघारी, भक्तपुर र (७) बौद्ध, काठमाण्डौं **काठमाण्डौं उपत्यका बाहिर** : (१) विर्तामोड न.पा.-४, विर्तामोड, झापा (२) विराटनगर म.न.पा.-९, मोरङ (३) वीरगञ्ज म.न.पा.-१०, पर्सा (४) हेटौंडा उप म.न.पा.-४, मकवानपुर (५) दोलखा भिमेश्वर न.पा. चरिकोट (६) नारायणगढ भरतपुर न.पा.-४ नारायणगढ (७) पोखरा म.न.पा.-८, न्यूरोड (८) नेपालगञ्ज उप म.न.पा.-२, पुष्पलाल चोक र (९) धनगढी उप-म.न.पा.-११ धनगढी।
३.	आस्वाको सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुबाट आस्वा प्रणाली मार्फत हकप्रद शेयर भर्न सकिने।

* ग्लोबल आइएमई क्यापीटल लि.ले A/C Payee चेक मात्र बुझि लिनेछ।

हकप्रद शेयर निष्कासन सम्बन्धि व्यवस्था तथा विवरणहरु हेर्न तथा प्राप्त गर्न सक्ने स्थानहरुः
१. निष्कासन कर्ता कम्पनी - श्री आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको वेभसाइट www.iginepal.com
२. निष्कासन तथा बिक्री प्रबन्धक - श्री ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेभसाइट www.globalimecapital.com
३. श्री नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट पनि हेर्न सकिनेछ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्कासनको क्रममा ड्राफ्ट संकलन गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्कासन बन्द हुने अघिको मितिसम्ममा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी ग्लोबल आईएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ। नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सि-आस्वा सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत सि-आस्वा प्रणाली मार्फत शेयर दरखास्त फारम बुझाउन सकिनेछ। शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिने छैन। हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्कासनकर्ता कम्पनी आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको वेवसाइट www.iginepal.com धितो निष्काशन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेबसाइट www.globalimecapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हकप्रद शेयर सम्बन्धी विवरण निष्कासन तथा बिक्री प्रबन्धकको वेवसाइट www.globalimecapital.com बाट हेर्न सकिनेछ।

२१. निष्काशन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

क्र.सं.	निष्कासन बैंकको नाम	खाताको नाम	खाता नम्बर
१.	ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौ।	GICL-BTI IGI Right	०१०१०१०००७८६०
२.	सिभिल बैंक लिमिटेड, सुन्धारा, काठमाण्डौ।	GICL-BTI IGI Right	००२१००७६२३४२९३

नेपाल धितोपत्र बोर्डलाई तीन दिन अगाडि जानकारी गराई अन्य वाणिज्य बैंकहरूलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला भएको मितिले कम्तिमा २१ (एक्काइस) दिन हुनेछ। २१ दिन भित्र सम्पूर्ण हकप्रद शेयर बिक्री नभएमा हकप्रद शेयर बिक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम १८ वमोजिम बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र (१५) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ।

२३. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार साबिकका शेयरधनीहरुमा सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७८/०६/१५ गते "[ICRANP-IR] BBB1" (pronounced as ICRA NP issuer rating triple B) प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा सुरक्षित रुपमा मध्यम जोखिम रहेको (Moderate risk of safely regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ। सो ग्रेडिङ्ग को बैद्यता अवधि एक बर्ष रहने छ। ईक्रा नेपाल लि.ले ICRANP-IR AAAb]lv ICRANP-IR D सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग "[ICRANP-IR]AAA, AA, A, BBB, ले क्रमशः Highest, high, adequate & moderate degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भने "[ICRANP-IR] BB, B / C" ले moderate, high & very high risk of default regarding timely servicing of financial obligation भन्ने जनाउँछ र "[ICRANP-IR] D ले in default or are expected be default soon भन्ने जनाउंदछ।

२४. सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले रु. २२,८०,३१,४००/- जम्मा गरिसकेको व्यहोरा अवगत गराउंदछौं।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, लक्ष्मण बाबु भवन, पहिलो तल्ला, नक्साल, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

दरखास्त फारामको नमूना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्कासन खुल्ला मिति : २०७८/११/२२ गते
निष्कासन बन्द हुने मिति : २०७८/१२/१३ गते (बैंकिङ्ग समय पश्चात्)

आइएमई जनरल इन्स्योरेन्स लिमिटेड
केन्द्रीय कार्यालय : नारायणचौर, नक्साल, काठमाण्डौ, पोष्ट बक्स नं. २१७४६
फोन नं.: ४४११५२०, फ्याक्स नं. :४४११७३६
इमेल: info@iginepal.com, वेबसाइट: www.iginepal.com

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

हकप्रद शेयर खरीद दरखास्त फाराम

मार्फतः
ग्लोबल आइएमई क्यापीटल लि.
पोष्ट बक्स नं. २१५९९, नक्साल, काठमाडौं
फोन नं. ९७७-०१-४५४५६४९/५०, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

सि.नं.

कोड नं. ☐☐☐

श्री सञ्चालक समिति,
आइएमई जनरल इन्स्योरेन्स लिमिटेड
नक्साल, काठमाण्डौ, नेपाल।

हितग्राही खाता नं. DP ID ☐☐☐☐☐☐☐☐ CLIENT ID ☐☐☐☐☐☐☐☐

महाशय,

शेयरधनी नं. ☐

त्यस कम्पनीबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७८/१०/२८ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा (भौतिक/अभौतिक) .... कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको दश शेयर बराबर नयाँ चार शेयर (१० : ४) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक) .... कित्ता गरि जम्मा .... कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं। त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हकहस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिने शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	

Sources of Fund (For Rs. One million and above as per AML/CFT, Direction, 2076 issued by SEBON)
आयको स्रोत (रु. दश लाख र सो भन्दा बढीको लागि बोर्डबाट जारी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ अनुसार)
ब्यापार (Business) ☐ सम्पत्ति बिक्री (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify) ☐

दरखास्त बुझाएको मिति	२०७८/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./Miss/Minor					USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.		टोल		गा.पा./न.पा.		जिल्ला
Address	House No./Ward no		Tole		VDC/Municipality		District
सम्पर्क ठेगाना							
PAN No.		Phone No.			Mobile No.		
ना.प्र.प.नं./जारी स्थान		Email ID					
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grand Father's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)							

I hereby declared that source of this transaction is not from money laundering, terrorist financing, drug addiction, human trafficking or any other illegal activities. यो जम्मा गरिएको रकम मुद्रा निर्मलीकरण, लागु पदार्थको कारोवार, मानव बेचबिखन र संगठित अपराध लगायतका अवैध स्रोतबाट आर्जन भएको होईन भन्ने घोषणा गर्दछु। यस हकप्रद निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" पढी आफ्नो स्वःविवेकले दरखास्त दिएको हो।

द्रष्टव्यः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ।
४. यस दरखास्त फाराममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अंग्रेजी दुवै भाषामा भर्नु पर्नेछ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठीक साँचो हो। यस्मा कुनै फरक भएमा म निवेदक स्वंय जिम्मेवार हुनेछु।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

हकप्रद शेयर खरीद रसिद

सि.नं.

मार्फतः
ग्लोबल आइएमई क्यापीटल लि.
पोष्ट बक्स नं. २१५९९, नक्साल, काठमाडौं
फोन नं. ९७७-०१-४५४५६४९/५०, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

दरखास्तवालाले भर्नुपर्ने

शेयरधनी नं./परिचय नं. ☐

DP ID ☐☐☐☐☐☐☐☐
CLIENT ID ☐☐☐☐☐☐☐☐

Applicant's Name					
Company's Name	IME General Insurance Limited				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ।
Received by: Shareholder No. ☐
Date: Stamp Code No. ☐☐☐

बाँडफाँडमा नपरेको हकप्रद साधारण शेयरको रकम फिर्ता भुक्तानी लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US
ग्लोबल आइएमई क्यापीटल लि.
पो.ब.नं. २१५९९, वडा नं. १, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौ
फोन नं. ४५४५६४९ फयाक्स नं. ४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com